**भेण्डरहरूलाई आव्हान: मार्केट स्क्वायरमा ग्लोबल फ्राइडेज**

**सेप्टेम्बर 6, 13 तथा 27, 2019**
**बेलुका 5:00 बजे – बेलुका 10:00 बजे (समय परिवर्तन पनि हुन सक्नेछ)**

Welcoming Pittsburgh (वेल्कमिङ पिट्सबर्ग) ले Pittsburgh Downtown Partnership (पिट्सबर्ग डाउनटाउन पार्टनरसिप) सँग मार्केट स्क्वायरमा **ग्लोबल फ्राइडेज (Global Fridays)** प्रारम्भ गर्नका लागि मिलेर काम गर्दैछ र ग्लोबल फ्राइडेज प्रत्यक्ष देखिने मञ्च हो जसले हाम्रा स्थानीय अन्तर्राष्ट्रिय समुदायहरूलाई स्वागत गर्नेछ, प्रवर्द्धन गर्नेछ र उत्सव मनाउनेछ।

सेप्टेम्बरका तीनवटै शुक्रबारका साँझहरूमा, वर्ल्ड स्क्वायर Welcoming Pittsburgh ले सहयोग गर्न खोजेका विभिन्न अन्तर्राष्ट्रिय तथा नव आगन्तुक समुदायहरू बीचबाट आएका व्यापार, कलाकार, मेकर, पर्फमर, फुड पर्भेयर र अरू धेरैहरूका लागि शोकेस हुनेछ। PDP को नाइट मार्केट कार्यक्रमको शैली तथा ढाँचासँग मेल खानेगरी यी साप्ताहिक उत्सवहरू डाउनटाउन पिट्सबर्गको मुटुमा समावेशिताको भावना जगाउने अवसर हुन् र यिनीहरूले एक्सोप्जर (सम्पर्क बढाउने मौका) दिन्छन्। यसको लक्ष्य सबै समुदायलाई स्वागत गर्ने र डाउनटाउनमा धेरै मानिसहरूलाई पिट्सबर्ग क्षेत्रको अङ्गको रूपमा रहेका विविध संस्कृतिहरूको अनुभव गराउने अवसरको सिर्जना गराउने वातावरणको निर्माण गर्ने रहेको छ।

**भेण्डरको वर्गीकरण, क्रेडिट कार्ड तथा शुल्कहरू:** स्थान सीमित छ। तल सूचीकृत शुल्कहरू एउटा 10’x10’ स्थानका लागि हो। भेण्डरका आवेदनहरूलाई Welcoming Pittsburgh तथा PDP द्वारा समीक्षा गरिनेछ।

- **मर्केनडाइज:** हस्तनिर्मित, पारम्परिक वा आयातित उत्पादनहरू ($35)
- **तयारी खाना:** खान मिल्ने तयारी खाना जोकि स्वास्थ्य विभागका नियमहरू तथा बीमाका आवश्यकताहरूको अधिनमा हुन्छन् ($75)
- **सामुदायिक संघसंस्थाहरू:** सामुदायिक कला तथा संस्कृतिलाई विकास गर्ने वा सामाजिक सेवा तथा सहायताहरू उपलब्ध गराउने गैर-नाफामूलक सङ्गठनहरू ($35)
- **व्यावसायिक सेवाहरू:** पिट्सबर्गको अन्तर्राष्ट्रिय समुदायहरूको सदस्यहरू मध्ये कुनैले उपलब्ध गराउने वा ती समुदायहरूका सदस्यहरूका लागि स्रोतसाधनका रूपमा रहने उद्देश्य राख्ने व्यापारिक वा व्यावसायिक सेवाहरू ($50)
- **कर्पोरेट प्रदर्शनकर्ता/प्रायोजकहरू:** ग्लोबल फ्राइडेजको बेला कार्यक्रम स्थलमा आफ्नो व्यापार गर्न वा प्रवर्द्धन गर्न चाहने कर्पोरेसन वा व्यापारिक कम्पनीहरू। कृपया सोधपुछहरूका लागि निम्नलाई सम्पर्क गर्नुहोस्: Russell Howard (रसेल होवार्ड) (rhoward@downtownpittsburgh.com)
- **क्रेडिट कार्डहरू आवश्यक:** भेण्डरहरूले आफ्नो निवेदनका साथमा वैध क्रेडिट कार्ड उपलब्ध गराउन आवश्यक हुन्छ र $1 को आवेदन शुल्क लगाइनेछ। अनुरोध गरिएका मितिहरू स्वीकृत भएमा स्वीकृत सबै मितिहरूका लागि स्वीकृतिपश्चात भेण्डर शुल्कहरू स्वत: लगाइनेछ।
- **फिर्ता नहुने**: खतरनाक मौसम स्थितिहरू हुने उच्च निश्चितताको पूर्वानुमान गरिएको छ भने आयोजकहरूले अग्रिम रूपमै (अगाडि नै) कार्यक्रमलाई रद्द नगर्दासम्म कुनै पनि शुल्कहरू फिर्ता हुँदैनन्।

**भेण्डरसम्बन्धी निर्देशिका तथा नियमहरू:**

- **मौसम**: पिट्सबर्गको मौसम एकदमै अस्थिर छ भनेर सबैलाई थाहै छ र ग्लोबल फ्राइडेज पानी वा घाम जे भए पनि आयोजित हुने कार्यक्रमहरू हुन् । खतरनाक मौसम स्थितिहरू हुने उच्च निश्चितताको पूर्वानुमान गरिएको छ भने मात्र अग्रिम रूपमै (अगाडि नै) कार्यक्रमलाई रद्द गरिनेछ । मार्केट म्यानेजरले निर्देशन नदिँदासम्म मौसमको अवस्था जे जस्तो भए पनि भेण्डरहरू अनिवार्य रूपमा सेट-अप अवस्थामा हुनुपर्छ । लगातार खराब मौसम भइरहेका निश्चत अवस्थाहरूमा मार्केट म्यानेजरले चलिरहेको कार्यक्रमलाई रद्द पनि गर्न सक्नुहुनेछ ।
- **उपकरण:** भेण्डरहरूले आफ्नै टेन्ट, टेबल, कुर्सी, बत्ती तथा एक्स्टेन्सन कर्डहरू अनिवार्य रूपमा उपलब्ध गराउनुपर्छ । तपाईंले मार्केट स्क्वायरका सार्वजनिक प्रयोगका लागि राखिएका कुर्सीहरूको प्रयोग गर्न नपाउन सक्नुहुन्छ ।
- **टेन्टका स्थानहरू**: हरेक स्थान 10'x10' को हुन्छ र मार्केट म्यानेजरले मात्र स्थान कहाँ हुनेछ भनेर निर्धारण गर्नुहुनेछ । आइसकेपछि आफ्नो स्थान कहाँ छ भनेर जान्नका लागि भेण्डरले मार्केट म्यानेजरलाई भेट गर्नुपर्छ (स्थान हरेक हप्ता परिवर्तन हुन सक्छ) ।
- **टेन्टको तौल:** हावाको वेग धेरै हुनसक्ने भएकोले टेन्टहरूको चारै कुनाहरूमा कुल 160 lbs. को तौलले च्यापिएको वा अड्काइएको हुनैपर्छ, अन्यथा भेण्डरहरूलाई टेन्ट सेट-अप गर्न अनुमति दिइने छैन ।
- **विद्युत:** बत्तीहरूका लागि पर्याप्त रूपमा विद्युत उपलब्ध गराइनेछ । अग्रिम रूपमा थप विद्युत माग गर्न सकिन्छ जोकि उपलब्धतामा निर्भर हुन्छ ।
- **भेण्डर सहभागिता सम्झौता तथा बीमा:** सेट अपका लागि स्वीकृति दिनुभन्दा पहिला सबै भेण्डरहरूले भेण्डर सहभागिता सम्झौतामा सहमति जनाउनैपर्छ र अनिवार्य रूपमा बीमाको प्रमाणपत्र उपलब्ध गराउनुपर्छ (वा यदि उपलब्ध भएमा अम्ब्रेला पोलिसी (छाता नीति) अन्तर्गत समावेश गरिन लागिएको हो...के WP ले अम्ब्रेला बीमा उपलब्ध गराउनेछ ?)
- **तैयारी खाना:** फुड भेण्डरहरूसँग चालू फुड लाइसेन्सहरू हुनैपर्छ र उनीहरूले ऐलेघेनी काउन्टी हेल्थ डिपार्टमेन्ट (Allegheny County Health Department, ACHD) को अस्थायी फुड फ्यासिलिटिजसम्बन्धी निर्देशिकालाई पालना गरेको हुनैपर्छ ।
  जमिनमा दाग-धब्बाहरू नलागोस् भनेर खाना तयार गर्ने वा खाने ठाउँको भुइँमा अनिवार्य रूपमा तिरपाल, कार्पेट इत्यादि लगाइएको हुनुपर्छ । खानेकुरा तयार गर्दा लाग्न सक्ने सबै दाग-धब्बाहरूलाई सफा/धोइपखाली गर्दा लाग्ने सबै खर्चहरूका लागि भेण्डरहरू जिम्मेवार हुनेछन् ।
- **फोहोरमैला/रिसाइकलिङ:** फोहोरमैलाहरूलाई सही ठाउँमा फाल्न तथा/वा तिनीहरूलाई स्क्वायरबाट हटाउनका लागि भेण्डरहरू जिम्मेवार हुन्छन् । अतिरिक्त फोहोरमैलालाई मार्केट स्क्वायरको ट्र्यास क्यानहरूको छेउमा छोड्न पाइने छैन ।
- **पार्किङ:** भेण्डरलाई पार्किङ उपलब्ध गराइने छैन । भेण्डरहरूलाई वैध पार्किङमा पार्क गर्न मात्र अनुमति हुन्छ र कुनै पनि साइटेसन वा पार्किङ टिकटहरूका लागि भेण्डरहरू पूर्ण रूपमा जिम्मेवार हुन्छन् । नजिकका ग्यारेजहरूले बेलुका छुटसहितको पार्किङ उपलब्ध गराउँछन् ।

**सेट-अप गर्ने तथा निकाल्ने (बेलुका 5:00 बजे सुरु हुने आधारमा):**

- **समय:** सेट-अप दिउँसो 2:30 बजेभन्दा अगाडि गर्न सुरु नहुन सक्छ र बेलुका 4:45 बजेसम्म अनिवार्य रूपमा सेट-अप पूरा गरिसक्नुपर्छ।
- **मार्केट स्क्वायरमा प्रवेश:** गाडीहरूलाई मार्केट स्क्वायरमा सेट अपका लागि प्रवेश गर्न अनुमति प्रदान गर्न सकिन्छ तर बेलुका 4:30 बजेभन्दा ढिलो नहुनेगरी अनिवार्य रूपमा हटाइनुपर्छ। बेलुका 4:15 बजेपछि कुनै पनि गाडीलाई स्क्वायरमा प्रवेश गर्न अनुमति दिइने छैन।
- **आगमन**: Upper वा Lower Forbes Avenue बाट मार्केट स्क्वायरमा प्रवेश गर्नुहोस् जहाँ प्रवेशका लागि बोलार्डहरूलाई तल झुकाइएको हुनेछ।
- **सामान झार्ने**: कृपया सामान झार्ने काम सकिने बित्तिकै जतिसक्दो चाँडो गाडीहरूलाई हटाउनुहोस्। सेट-अप सुरु गर्नुभन्दा पहिला गाडीहरूबाट पूर्ण रूपमा सामानहरू झारिएको हुनुपर्छ। सेट-अप सुरु गरिनुभन्दा पहिला नै तपाईंको गाडी अनिवार्य रूपमा हटाइएको हुनुपर्छ।
- **निकाल्ने**: पैदलयात्रुहरूको सुरक्षाको कारणले गर्दा मार्केट स्क्वायरमा गाडीको पुन: प्रवेश कम्तीमा पनि बेलुका 10:15 बजे वा त्योभन्दा ढिलोसम्म नहुन सक्छ। गाडीहरू मार्केट स्क्वायरमा कहिले पुन: प्रवेश गर्न सक्छन् भनेर मार्केट म्यानेजरले निर्धारण गर्नुहुनेछ।